# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, भदौ ७ गते २०५० साल (अतिरिक्ताङ्क २७(क)

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसद्ले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "पशुपति क्षेत्र विकास कोष (पहिलो संशोधन) ऐन, २०४९" रहेकोछ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २ मा संशोधनः पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को;-

(१) उपदफा २.१.५ र २.१.६ को सट्टा देहायका उपदफा २.१.५ र २.१.६ राखिएका छन्:-

"२.१.५ "परिषद्" भन्नाले कोष सञ्चालनका निमित्त दफा ८ बमोजिम गठन भएको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् सम्झनु पर्छ।

२.१.६ "सदस्य" भन्नाले परिषद्का उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य तथा सदस्य-सचिवलाई समेत जनाउँछ।"

(२) उपदफा २.१.७, २.१.८ र २.१.९ झिकिएका छन्।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा ४.५ को सट्टा देहायको उपदफा ४.५ राखिएकोछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४.५ कोषले व्यक्ति सरह नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।"

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उपदफा ६.१.३ पछि देहायको उपदफा ६.१.३क. थपिएको छः-

"६.१.३क. श्री पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्रभित्र रहेका राजगुठी अन्तर्गतका सबै देव देवीको मन्दिरहरूमा परम्परागत धार्मिक रीतिस्थिति बमोजिम पूजा आजा सञ्चालनको व्यवस्था मिलाउने।"

५. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछः-

"७. कोषको अध्यक्षः श्री ५ बडामहारानी कोषको अध्यक्ष रहिबक्सनेछ।"

६. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएकोछः-

"८. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको गठनः

८.१ कोषको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्नका लागि श्री ५ बडामहारानीको अध्यक्षतामा एक पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् गठन गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265

८.२. उपदफा ८.१ बमोजिम गठन हुने परिषद्मा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :-

८.२.१ शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री वा राज्यमन्त्री -उपाध्यक्ष

८.२.२ सभापति, जनसङ्ख्या तथा सामाजिक समिति, प्रतिनिधिसभा -सदस्य

८.२.३ सदस्य, प्रतिनिधिसभा (पशुपतिक्षेत्र रहेको निर्वाचन क्षेत्रबाट निर्वाचित) -सदस्य

८.२.४ वडा गुरुज्यू -सदस्य

८.२.५ मूलभट्ट, श्री पशुपतिनाथ मन्दिर -सदस्य

८.२.६ सचिव, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय -सदस्य



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८०

| | | |
|---|---|---|
| ८.२.७ | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | -सदस्य |
| ८.२.८ | सभापति, काठमाडौं जिल्ला विकास समिति | -सदस्य |
| ८.२.९ | प्रमुख, काठमाडौं नगरपालिका | -सदस्य |
| ८.२.१० | अध्यक्ष वा प्रशासक, गुठी संस्थान | -सदस्य |
| ८.२.११ | अध्यक्षबाट मनोनीत बढीमा पाँचजना व्यक्तिहरू | -सदस्य |
| ८.२.१२ | अध्यक्षबाट मनोनीत व्यक्ति | -कोषाध्यक्ष |
| ८.२.१३ | अध्यक्षबाट मनोनीत व्यक्ति | -सदस्य-सचिव |

८.३ श्री ५ को सरकारको सिफारिशमा अध्यक्षबाट परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर हुन सक्नेछ। यसरी थपघट वा हेरफेर भएको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८९

८.४ अध्यक्षबाट उपदफा ८.२.११, ८.२.१२ र ८.२.१३ बमोजिम क्रमशः सदस्यहरू, कोषाध्यक्ष र सदस्य-सचिव मनोनीत गर्दा श्री ५ को सरकारको सिफारिशमा गरिनेछ।

८.५ उपदफा ८.२.११ बमोजिम सदस्यहरू मनोनीत गर्दा कम्तिमा एकजना सदस्य पशुपति क्षेत्र भित्र स्थायी बसोवास गरेका समाजसेवीहरू मध्येबाट गरिनेछ।

८.६ मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन्।"

७. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को:-

(१) उपदफा १०.१.३ मा रहेको "समितिबाट" भन्ने शब्द झिकिएको छ।

(२) उपदफा १०.१.४ को सट्टा देहायको उपदफा १०.१.४ राखिएको छः-

"१०.१.४ श्री पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्र भित्र रहेका राजगुठी अन्तर्गतका सबै देव देवीका मन्दिरहरूमा पूजा आजा, पर्व, उत्सव लगायतका परम्परादेखि चलिआएका सबै किसिमका धार्मिक कार्यहरू र सो क्षेत्रमा परम्परागत रीतिस्थितिका अन्य कार्यहरू सञ्चालनको व्यवस्था गर्ने गराउने,"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२

(३) उपदफा १०.१.४ पछि देहायका उपदफा १०.१.४क., १०.१.४ख., १०.१.४ग. र १०.१.४घ. थपिएका छन्:-

"१०.१.४क. आवादी जग्गा बाहेक पशुपति अमालकोट कचहरी, पशुपति भण्डार तहबील र जयबागेश्वरी भण्डार तहबीलले गर्ने अन्य कार्य सम्बन्धी व्यवस्थाको रेखदेख गर्ने र ती निकायहरूको कार्य सम्बन्धी नीति निर्धारण गर्ने तथा आवश्यक निर्देशन दिने,

१०.१.४ख. पशुपति क्षेत्रको विकास तथा धार्मिक रीतिस्थिति बमोजिम कार्य सञ्चालन गर्ने सम्बन्धमा समय समयमा अध्ययन, अनुसन्धान, कार्यशाला, गोष्ठी आदिको आयोजना गर्ने गराउने,

१०.१.४ग. श्री पशुपतिनाथको मन्दिर र पशुपति क्षेत्र भित्र रहेका देव देवीसङ्ग सम्बन्धित पशुपति क्षेत्र भित्रका सबै प्रकारका घर जग्गा, मठ, मन्दिर, देवालय, सत्तल, पाटी, पौवा समेतको संरक्षणको व्यवस्था मिलाउने,

१०.१.४घ. पशुपति क्षेत्र भित्रको मठ मन्दिर, सत्तल, पाटी, पौवा, ढुङ्गेधारा, घाट, बगैंचा, वन जङ्गल र श्री पशुपतिनाथ र पशुपति क्षेत्र भित्र रहेका सबै



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देव देवीसङ्ग सम्बन्धित सबै किसिमका गुठी अन्तर्गत पशुपति क्षेत्र भित्र वा बाहिर रहेका ऐलानी र पर्ति जग्गाको क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने।"

(४) उपदफा १०.१.९ पछि देहायका उपदफा १०.१.१०, १०.१.११, १०.१.१२, १०.१.१३, १०.१.१४, १०.१.१५, १०.१.१६ र १०.१.१७ थपिएका छन्:-

"१०.१.१० योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय इकाई तथा जनताको सहभागिता जुटाउने र कार्यान्वयन गरिने योजना र कार्यक्रम बारे जनतामा भ्रम र अन्योल नहुने गरी जनसाधारणलाई समय समयमा स्पष्ट जानकारी गराउने,

१०.१.११ पशुपति क्षेत्रको योजनावद्ध रूपमा विकास गर्दा सुव्यवस्थित रूपले निर्माण, मर्मत, सम्भार र सरसफाई गरी स्वच्छ वातावरण कायम गर्ने,

१०.१.१२ खानेपानी, पानीढल, निकास ढल, बिजुली, टेलिफोन, सडक आदि जस्ता अन्य आधारभूत सार्वजनिक उपयोगिताका साधनहरू सुव्यवस्थित गर्ने र फोहोर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४

एवं प्रभावकारी कार्यविधि अपनाउने

१०.१.१३ पशुपति क्षेत्रमा वृक्षारोपण, वन, बगैंचा, उद्यान, वन्य जीवजन्तु तथा वन सम्पदा आदि समेतको व्यवस्था गर्ने,

१०.१.१४ पशुपति क्षेत्रको घाट, चितास्थल, नदीको जलमार्ग, जलपदार्थ, जल प्रवाह तथा बालुवा आदिको सुव्यवस्थित रूपमा संरक्षण र सम्वर्द्धन गर्ने,

१०.१.१५ पशुपति क्षेत्रमा प्रदूषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाई श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी लागू गर्ने,

१०.१.१६ पशुपति क्षेत्रलाई तीर्थस्थलको रूपमा रक्षा गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने,

१०.१.१७ पशुपति क्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम श्री ५ को सरकार मार्फत घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्यहरू गर्ने।"



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३८९

८. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,-

(१) उपदफा ११.१ र ११.२ को सट्टा देहायका उपदफा ११.१ र ११.२ राखिएका छन्ः-

"११.१ अध्यक्ष वा परिषद्को बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्देशन अनुसार परिषद्को सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउने छ।

११.२ परिषद्को वार्षिक कार्यक्रम, बजेट र चौमासिक प्रगति समीक्षा बारे छलफल हुने बैठक अध्यक्षको अध्यक्षतामा वा अध्यक्षबाट तोके बमोजिम उपाध्यक्षको अध्यक्षतामा बस्नेछ।"

(२) उपदफा ११.२ पछि देहायको उपदफा ११.२क. थपिएको छः-

"११.२क. उपदफा ११.२ मा उल्लेख भएदेखि बाहेक परिषद्का अन्य बैठकहरूको अध्यक्षता उपाध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा त्यस्तो बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।"

९. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

"१२. <u>कर्मचारीको व्यवस्थाः</u>

१२.१ परिषद्को सदस्य-सचिवले परिषद्को प्रशासकीय प्रमुखको रूपमा काम गर्नेछ।

१२.२ परिषद्ले आवश्यकतानुसार अन्य कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

१२.३ कोषाध्यक्ष, सदस्य-सचिव र अन्य कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।"

१०. <u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को पहिलो हरफमा रहेका "समिति र" भन्ने शब्दहरू झिकिएका छन्।

११. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएकोछः-

"१६. <u>श्री ५ को सरकारको नियन्त्रणमा रहनेः</u>

१६.१ पशुपति क्षेत्र भित्रका वन, जंगल र पर्ति जग्गाहरू श्री ५ को सरकारको नियन्त्रणमा रहनेछन्। वनकाली, मृगस्थली, तील गंगा, कैलाश, वेद विद्याश्रम, देव उद्यान लगायत पशुपति क्षेत्र भित्रका पाटी, पौवा, सत्तल, मठ, मन्दिर वा देवालय र तिनिहरूले चर्चेका जग्गा, पोखरी, खोलाको वगर र बन जङ्गल कुनै व्यक्ति वा संस्थाका नाउँमा दर्ता



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८६

गरेको भए त्यस्तो दर्ता बदर हुनेछ। श्री ५ को सरकारको नियन्त्रणमा भएको वन, जङ्गल, पर्ति जग्गा, कुनै व्यक्ति वा सङ्घ, संस्थालाई हक छाडि वा नछाडी भोग चलन गर्न दिन पाइने छैन।

१६.२ परिषद्ले पशुपति क्षेत्रको विकास गर्नको लागि पशुपति क्षेत्र भित्रको वन जङ्गल र ऐलानी, पर्ति जग्गाहरूको योजनावद्ध रूपमा विकास गर्न र प्रयोगमा ल्याउन उपदफा १६.१ को व्यवस्थाले कुनै वाधा पु-याएको मानिने छैन।"

१२. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को,-

(१) उपदफा १७.४ मा रहेका "नगर पञ्चायत, वडा समिति" भन्ने शब्दहरूको सट्टा "नगरपालिका" भन्ने शब्द राखिएको छ।

(२) उपदफा १७.५ मा रहेका "नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ को दफा ६ मा" भन्ने शब्दहरूको सट्टा "नगर विकास ऐन, २०४५ को दफा १८ को उपदफा १८.१ मा" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "उपदफा १७.८" भन्ने शब्दहरूको सट्टा "उपदफा १०.१.१७" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा १७.६ मा रहेका "बागमती अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "त्यस्तो पुनरावेदन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्न आएमा निजले पैंतीस दिन भित्र पुनरावेदनको दूङ्गो लगाउनु पर्नेछ र निजको निर्णय अन्तिम हुनेछ।" भन्ने वाक्यांशको सट्टा "तत्सम्बन्धमा सो अदालतले गरेको निर्णय अन्तिम हुनेछ।" भन्ने वाक्यांश राखिएको छ।

(४) उपदफा १७.९ पछि देहायको उपदफा १७.१० थपिएको छः-

"१७.१० पशुपति क्षेत्र भित्रका विभिन्न गुठी वा सार्वजनिक वा सरकारी जग्गाहरुका सम्बन्धमा प्रचलित कानूनद्वारा प्राप्त अधिकार बमोजिम हक हस्तान्तरण गर्ने वा परिवर्तन गर्ने वा अन्य कुनै पनि किसिमबाट कसैलाई भोग चलन गर्ने गरी दिनु भन्दा अघि परिषद्को स्वीकृति विना लिने दिने गरी गरेको काम श्री ५ को सरकारले जुनसुकै बखत बदर गर्न सक्नेछ।"

(५) शीर्षक र ठाउँ ठाउँमा प्रयोग भएको "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ।

१३. मूल ऐनमा दफा १७क. थपः मूल ऐनको दफा १७ पछि देहायको दफा १७क. थपिएको छः-

"१७क. श्री पशुपतिनाथको पूजा आजा र मन्दिरको रेखदेख सम्बन्धी व्यवस्थाः

१७क.१ प्रचलित कानून वा अन्य लिखतहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि परम्परा अनुसार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री पशुपतिनाथ मन्दिरको विभिन्न पूजा आजा चलाउने तथा मन्दिरको रेखदेख गर्ने कर्तव्य मूल भट्टको हुनेछ।

१७क.२ उपदफा १७क.१ मा लेखिएदेखि बाहेक पशुपतिका मूल भट्टको तालुकमा रहेका सबै काम कुरा परिषद् अन्तर्गत रहनेछ र त्यसको सञ्चालन, असूल, तहसीलको रेखदेख र नियन्त्रण तथा व्यक्ति विशेषबाट मन्दिरमा गरिने पूजा-आजा, दक्षिणा भेटी, दस्तूर तथा पशुपति क्षेत्र भित्र गरिने विभिन्न कामको लागि हुने खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर नियमद्वारा व्यवस्था नभएसम्म हाल चली आएको व्यवस्था अनुसार काम गर्न यस दफाले कुनै बाधा पु-याएको मानिने छैन।"

१४. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को, :-

(१) उपदफा १८.१ मा रहेका "वा समिति" भन्ने शब्दहरू झिकिएकाछन्।

(२) उपदफा १८.३.२ पछि देहायका उपदफा १८.३.२क. र १८.३.२ख. थपिएका छन्:-

"१८.३.२क. श्री पशुपतिनाथ र पशुपति क्षेत्रसङ्ग सम्बन्धित सबै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकारका गुठी जग्गाको आयस्ताबाट प्राप्त हुने रकम,

१८.३.२ख. पशुपति क्षेत्र भित्रका विभिन्न मन्दिरहरूबाट प्राप्त हुने दक्षिणा र भेटीको रकम।"

१५. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएकोछः-

"२०. अधिकार प्रत्यायोजन : परिषद्ले आफ्नो अधिकार आवश्यकतानुसार परिषद्का सदस्य वा उपदफा १०.१.६ अन्तर्गत गठित समिति वा उपसमिति वा त्यस्तो समिति वा उपसमितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१६. मूल ऐनमा दफा २०क. थप : मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएकोछः-

"२०क. कोषको पूर्व सहमति लिनु पर्ने : कुनै सरकारी वा गैर सरकारी निकायले प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार पशुपति क्षेत्र भित्र प्रयोग गर्नु अघि कोषको पूर्व सहमति लिनु पर्नेछ। त्यसरी कोषको पूर्व सहमति नलिई पशुपति क्षेत्र भित्र कुनै काम कारवाही गरेमा त्यस्तो काम कारवाही बदर हुनेछ।"

१७. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. नियम बनाउने अधिकार :

२१.१ यस ऐनको उद्देश्य पूर्तिका लागि कोषले देहायका विषयमा नियमहरू बनाउन सक्नेछ र यसरी बनाएको नियम श्री ५ को सरकारबाट स्वीकृत भएको हुनु पर्नेछ :-

२१.१.१ कोषले गर्नु पर्ने प्रशासनिक कामको सम्बन्धमा,

२१.१.२ कोषले गर्नु पर्ने आर्थिक कामको सम्बन्धमा,

२१.१.३ कोषका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाको शर्त सम्बन्धमा,

२१.१.४ पशुपतिनाथ अमालकोट कचहरी तथा पशुपतिनाथ तहवीलको काम कारवाहीको सम्बन्धमा,

२१.१.५ पशुपतिनाथ तथा गुह्येश्वरीको परम्परागत धार्मिक रीतिस्थिति बमोजिम पूजाआजा सञ्चालन गर्ने सम्बन्धमा,

२१.१.६ पशुपति क्षेत्रको विकास निर्माण कार्यको सम्बन्धमा,

२१.१.७ पशुपति क्षेत्र भित्रका गुठीको आयस्ताको सम्बन्धमा,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

२१.१.८ राजगुठी अन्तर्गतका छुट गुठी एवं निजी गुठी अन्तर्गतका पशुपति क्षेत्र भित्र रहेका देव देवीका मठ मन्दिरहरूको सञ्चालनका सम्बन्धमा,

२१.१.९ अन्य आवश्यक विषयमा।"

१८. <u>मूल ऐनमा दफा २१क. थप</u> : मूल ऐनको दफा २१ पछि देहायको दफा २१क. थपिएकोछ:-

"२१क. <u>आचार संहिता बनाई लागु गर्ने</u> : परिषद्ले श्री पशुपतिनाथको मन्दिरको पूजा आजामा संलग्न हुने पुजारी, भण्डारे, सुसारे लगायत सबै कामदारहरूको आचारसंहिता तयार गर्नु पर्नेछ र त्यस्तो आचारसंहिता श्री ५ को सरकारको स्वीकृति भएपछि लागू हुनेछ।"

१९. <u>मूल ऐनको दफा २२ मा संशोधन</u> : मूल ऐनको दफा २२ मा रहेका "मन्त्रिपरिषद् सचिवालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को उपदफा २३.१ मा रहेको "पञ्चायत" भन्ने शब्द झिकिएकोछ।

२१. खारेजी : मूल ऐनको दफा ९, १३ र १४ खारेज गरिएका छन्।

लालमोहर सदर मितिः– २०५०।५।७।२

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

254